२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरूले त्रि.वि.प.नि.का.को नाममा बैंक भौचर भरी फारम भर्ने अन्तिम मितिको २ दिनभित्र परीक्षा आवेदन फारम सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरूले उक्त बैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित क्षे.प.नि.का.को हकमा सम्बन्धित क्षे.प.नि.का.मा र प.नि.का.क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरूले त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ

(ख) परीक्षा फारमहरु बुझाउदा सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्बन्धित फारम शाखामा बुझाउनु पर्नेछ ।

३) परीक्षा शुल्क सम्बन्धमा:-

| | |
|---|---|
| क) नियमित र आंशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु४७०/- |
| ख) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| ङ) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु २७५/- |

४) परीक्षा शुल्क बुझाउने सम्बन्धमा:-

क) काठमाण्डौ उपत्यका भित्रका क्याम्पसहरूले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोबल आई.एम.ई. बैंक लिमिटेडको आम्दानी खाता न. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.न. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा रकम बुझाएको भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

CS Scanned with CamScanner

**त्रिभुवन विश्वविद्यालय**

**परीक्षा नियन्त्रण कार्यालय,बल्खु**

**४ वर्षे स्नातक तह तेस्रो वर्षको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८० सालको २०८१ सालमा संचालन हुने शिक्षाशास्त्र, व्यवस्थापन, मानविकी संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका स्नातक तह तेस्रो वर्षको परीक्षा दिने नियमित तथा आंशिक परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पसमा मिति २०८१ साल असार २० गते देखि २०८१ साल श्रावण ११ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित आवेदन फारम भरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुर्‍याइ आफैले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) ४ वर्षे स्नातक तह २०७२ सालमा भर्ना भइ २०७३ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) आंशिक परीक्षार्थीहरुले आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर च.हि.न.१०४००१००९२२१२०००००१ नेपाल बैंक लिमिटेड, भजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) क्षे.प.नि.का नेपालगन्ज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय , नेपालगन्जको च.हि.न २१०१०१००००००५ ग्लोबल आइ.एम.इ.बैंक लिमिटेड, त्रिभुवन चोकमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) क्षे.प.नि.का.अतरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का.बल्खु परीसरमा रहेको ग्लोबल आइ.एम.ई.बैंक लिमिटेडको आम्दानी खाता न. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दनी खाता न. ०४५००१०००९९१०८०००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

परीक्षा नियन्त्रक